सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
रुपन्देही, ५ नं. प्रदेश, नेपाल

च.नं.:-

पंसं.:- ०७५/७६

मितिः २०७५/०८/१५

**नमुना कृषकहरुका लागि भर्मिकम्पोष्ट बेड निर्माण कार्यक्रम सम्बन्धी सूचना !!!**

प्रस्तुत बिषयमा सैनामैना नगरपालिकाको आ.ब. २०७५।७६ को स्वीकृत कार्यक्रम अनुसार कृषि बिकास शाखा तर्फको लागि कृषि पेशा सम्बन्धी कार्यहरु गरिरहेका कृषि सहकारी/कृषि फर्म/कृषक समुहहरुलाई कृषि व्यवसायिकरणमा टेवा पुऱ्याउने उद्देश्यले साझेदारी कार्यक्रम सञ्चालन गर्न बढीमा **रु. २५,०००.०० (अक्षरुपी पच्चिस हजार रुपैया मात्र**) सम्म अनुदान दिने भएकाले तोकिएको म्याद भित्र रु. १०। को टिकट टाँस गरी यस नगरपालिकाको कृषि बिकास शाखामा **नमुना कृषकहरुका लागि भर्मिकम्पोष्ट बेड निर्माण गड्यौलासहित** सञ्चालन माग सम्बन्धी निबेदन पेश गर्नुहुन सूचना प्रकाशित गरीएको छ ।

**तपशिल :**

- निबेदन पेश गर्ने अन्तिम मिति २०७५।१०।११ गते सम्म हुनेछ ।
- सैनामैना नगरपालिकाको कृषि शाखाको ढाँचा अनुसारको आबेदन यस कार्यालयमा पेश गनुपर्नेछ ।
- सम्बन्धित वडा कार्यालयको सिफारिसमा यस कार्यालयमा पेश गनुपर्नेछ ।
- कृषि समुह/कृषि फर्म/कृषि सहकारी संस्थाले दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- आवेदनको छनौट गर्दा पिछडिएका बर्ग तथा बिपन्न बर्गका समुहलाई व्यवसायिक रुपमा खेती गर्ने कृषि सहकारी/कृषि फर्म/कृषक समुहलाई प्रथमिकता दिईनेछ ।
- निबेदन स्वीकृत भैसकेपछि कार्यालयबाट अनुदान प्राप्त हुने रकम बराबरको रकम कृषि सहकारी/कृषि फर्म/कृषक समुहले कार्यक्रममा खर्च गर्नुपर्नेछ ।
- आवेदनको छनौट प्रक्रिया सैनामैना नगरपालिकाकाको कृषि व्यवसाय प्रवर्द्धन समितिद्धारा गरीनेछ ।
- सम्बन्धित निबेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- छनौट भएका आयोजनाहरु यसै आर्थिक बर्ष ०७५।७६ तोकिएको म्याद भित्र सम्पन्न गनुपर्नेछ ।

नोटः थप जानकारीको लागी सैनामैना नगरपालिकाको कृषि बिकास शाखा मुर्गियामा सम्पर्क गर्न सकिनेछ ।

साधु शरण यादव
(कृषि प्रसार अधिकृत)
कृषि बिकास शाखा